मधेश प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

जनकपुरधाम, नेपाल

पत्र संख्याः ०८०/८१

चलानी नं.: ३८

मितिः २०८०/०४/१५

विषयः- सम्पती विवरण भरी/ भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा।

श्री यातायात पूर्वाधार निर्देशनालय, जनकपुरधाम धनुषा।
श्री पूर्वाधार विकास कार्यालय, सबै।
श्री शहरी विकास तथा भवन कार्यालय, सबै।
श्री सडक डिभिजन चन्द्रनिगाहपुर, रौतहट र लहान, सिरहा ।

उपर्युक्त विषयमा राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाण्डौ को प.स. २०७९/०८० च.नं. ११०००००४९ मिति २०८०।०३।२७ को पत्र र मिति २०८०/०४/०१ गतेमा प्रकाशन भएको सूचना यसै पत्रसाथ संलग्न छ। व्यहोरा सोही पत्र र सूचनावाट अवगत गरि अघिल्ला आर्थिक वर्षहरु झै चालु आ.ब.मा समेत तहाँ कार्यालयमा कार्यरत पदाधिकारी/कर्मचारी (निजामती कर्मचारी वाहेक) ले प्रचलित कानुन बमोजिम सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्न केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरलाई थप अद्यावधिक गरिएको छ। सार्वजनिक पदधारण गरेको/ गर्ने पदाधिकारी/ कर्मचारीले बुझाएको/ बुझाउनुपर्ने देहाय अनुसारको तीन प्रकारका सम्पत्ति विवरणहरु सम्बन्धित व्यक्तिबाट भराई सो सम्बन्धी तथ्याङ्क अनिवार्य रुपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सोफ्टवेयरको सम्बन्धित महल (हरेक आ.व.मा वुझाउनु पर्ने सम्पत्ति विवरण गरी तीन प्रकारको महलको व्यवस्था सफ्टवेयरमा गरिएको) मा गई प्रविष्ट गर्ने/ गराउने व्यवस्था हुन अनुरोध छ।

(क) हरेक आ.व. सुरु भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण,
(ख) नयाँ नियुक्ति भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण र
(ग) सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिमानाको लागि लेखी आएपछि जरिमाना तिरी पेश हुने सम्पत्ति विवरण।

माथि उल्लेखित सम्पत्ति विवरणहरु तहाँ कार्यालय मा कार्यरत निजामती कर्मचारी बाहेकका पदाधिकारी/कर्मचारीहरुले पेश गरे पश्चात दर्ता नं र दर्ता मिति यस मन्त्रालयवाट माँग गरि राष्ट्रिय सतर्कता केन्द्रले उपलब्ध गराएको वेवपेज www.nvc.gov.np मा गई गत आ.व. कै विधि र प्रक्रिया एवं युजर नेम र पासवर्ड प्रयोग गरी केन्द्रको सोफ्टवेयर मा प्रविष्ट गर्ने/ गराउने व्यवस्था हुन अनुरोध छ।

साथै, उल्लिखित प्रयोजनका लागि तहाँ कार्यालयवाट एक जना सम्पर्क अधिकृतको नाम, पद, कार्यालयको नम्बर र अधिकृतको मोबाइल नम्बर समेत उपलब्ध गराई दिने व्यवस्था हुन अनुरोध छ। साथै, तहाँ कार्यालयमा कार्यरत सम्बन्धित पदाधिकारी तथा कर्मचारी (निजामती कर्मचारी बाहेक) ले माथि उल्लेखित सम्पत्ति विवरण वुझाए नवुझाएको सम्वन्धी तथ्याङ्क मिति २०८०।०५।२८ गते पछिको ७(सात) दिन भित्र देहाय अनुसारको ढाँचामा यस मन्त्रालयमा उपलब्ध गराउने समेत व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

मधेश प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

जनकपुरधाम, नेपाल

तालिका नं १

| क्र.सं. | कार्यालयको नाम | आ.व. २०७९/८० को सम्पत्ति विवरण | | सुरु नियुक्तिको ६० दिनभित्र पेश भएको सम्पत्ति विवरण | | ५ हजार जरिमाना तिरी पेश भएको सम्पत्ति विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या |
| १ | | | | | | | |
| २ | | | | | | | |

तालिका नं २

| क्र.सं. | पद/ श्रेणी/ तह | नाम थर | कार्यरत कार्यालय | बुझाउनु पर्ने सम्पत्ति विवरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

pashupati

पशुपती नाथ कर्ण

( कम्प्युटर अधिकृत)

नेपाल सरकार

**राष्ट्रिय सतर्कता केन्द्र**

(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

**बोध अत्यन्त जरुरी**

प.सं. : २०७९/०८०

मिति :- २०८०।०३।२७

च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ४ | ९ |

विषयः- <u>सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा</u>।

श्री सबै मन्त्रालय/सचिवालय/कार्यालय/आयोग,
मधेश प्रदेश ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने कानुनी व्यवस्था छ । साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) मा "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानुन बमोजिम दिईएको सम्पत्ति बिबरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ । प्रस्तुत व्यवस्थाहरू अनुरूप केन्द्रबाट हरेक आ.ब. मा सार्वजनिक पदधारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेश गरे नगरेको विषयमा तथ्याङ्क संकलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) एवं राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० बमोजिम कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइने गरिएको छ ।

प्रस्तुत विषयमा अघिल्ला आर्थिक वर्षहरूमा झैं चालु आ.ब.मा समेत तहाँ मन्त्रालय, अन्तर्गतका कार्यालय एवं सार्वजनिक संस्थानहरूमा कार्यरत पदाधिकारी/कर्मचारी (निजामती र स्थायी शिक्षक वाहेक) ले प्रचलित कानुन बमोजिम सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्न केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरलाई थप अद्यावधिक गरिएको छ। सार्वजनिक पदधारण गरेको/गर्ने पदाधिकारी/कर्मचारीले बुझाएका/बुझाउनुपर्ने देहाय अनुसारका तीन प्रकारका सम्पत्ति विवरणहरु सम्वन्धित व्यक्तिबाट भराई सो सम्वन्धी तथ्याङ्क अनिवार्य रुपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको सम्वन्धित महल (हरेक आ.व.मा बुझाउनु पर्ने सम्पत्ति विवरण, नयाँ नियुक्ती पश्चात बुझाउनुपर्ने सम्पत्ति विवरण र जरिमाना तिरी पेश गर्नुपर्ने सम्पत्ति विवरण गरी तीन प्रकारको महलको व्यवस्था सफ्टवेयरमा गरिएको) मा गई प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन अनुरोध छ ।

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

**[illegible] अत्यन्त जरुरी**

प.सं. : २०७९/०८०  मिति :- २०८०।०३।२७

च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ४ | ९ |

(क) हरेक आ.व.सुरू भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण,

(ख) नयाँ नियुक्ति भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण र

(ग) सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिमानाको लागि लेखी आएपछि जरिमाना तिरी पेश हुने सम्पत्ति विवरण।

माथि उल्लिखित सम्पत्ति विवरणहरू तहाँ मन्त्रालय, अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थानहरूमा कार्यरत निजामती र स्थायी शिक्षक बाहेकका पदाधिकारी/कर्मचारीहरूले पेश गरे नगरेको तथ्याङ्क केन्द्रलाई उपलब्ध गराउन वेवपेज www.nvc.gov.np मा गई गत आ.व.कै विधि र प्रक्रिया एवं युजर नेम र पासवर्ड प्रयोग गरी केन्द्रको अनलाइन सफ्टवेयर (तहाँ मन्त्रालयले नै आफ्नो, आफू अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थानहरूका पदाधिकारी/कर्मचारीहरूले माथि उल्लिखित सम्पत्ति विवरण वुझाए/नवुझाएको तथ्याङ्क अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्ने, अन्तर्गतका निकायलाई यो पत्र नपठाउने) मा प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन अनुरोध छ ।

साथै, उल्लिखित प्रयोजनका लागि तहाँ मन्त्रालय/निकायबाट एक जना सम्पर्क अधिकृतको नाम, पद, कार्यालयको नम्बर र अधिकृतको मोबाइल नम्बर समेत उपलब्ध गराई दिने व्यवस्था हुन अनुरोध छ । साथै, तहाँ मन्त्रालय, अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थानहरूमा कार्यरत सम्बन्धित पदाधिकारी तथा कर्मचारी (निजामती र स्थायी शिक्षक बाहेक) ले माथि उल्लिखित सम्पत्ति विवरण वुझाए नवुझाएको सम्वन्धी तथ्याङ्क मिति २०८०।०५।२८ गते पछिको २ (दुई) महिनाभित्र देहाय अनुसारको ढाँचामा यस केन्द्रमा उपलब्ध गराउने समेत व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

<u>निम्न</u> :-

तालिका-१ :

| क्र. सं. | मन्त्रालय, अन्तर्गतका निकाय एवं सार्वजनिक संस्थानहरूको नाम | आ.व.२०७९/८० को सम्पत्ति विवरण | | सुरू नियुक्तिको ६० दिनभित्र पेश भएको सम्पत्ति विवरण | | ५ हजार जरिमाना तिरी पेश भएको सम्पत्ति विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या |
| १ | | | | | | | |
| २ | | | | | | | |

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेबपेज : www.nvc.gov.np

**[illegible] अत्यन्त जरुरी**

प.सं. : २०७९/०८०  मिति :- २०८०।०३।२७

च.नं. १ १ ० ० ० ० ० ० ४ ९

- क्र.सं.१ मा तहाँ मन्त्रालय र अन्य क्र.सं.हरूमा क्रमश आफू अन्तर्गतका कार्यालयहरू एवं सार्वजनिक संस्थानहरूको नाम राखी तहाँ मन्त्रालय स्वयंले तालिकामा उल्लिखित विवरण भर्ने।

.....................................................................................................

तालिका-२ :

तालिका १ मा उल्लिखित सङ्ख्याबमोजिम सम्पत्ति विवरण नबुझाउने कर्मचारी/पदाधिकारीको नामावली

| क्र.सं. | पद/श्रेणी/तह | नाम थर | कार्यरत कार्यालय | बुझाउनु पर्ने सम्पत्ति विवरण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

- आवश्यकतानुसार तालीकामा पङ्क्ति (**Row**) र स्तम्भ (**Column**) हरू थपी विवरण भर्ने।
- बुझाउनु पर्ने सम्पत्ति विवरण भन्नाले "हरेक आ.ब.मा पेश गर्नुपर्ने सम्पत्ति विवरण, सुरू नियुक्तिको ६० दिनभित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण वा सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिमानाको लागि लेखी आएपछि पेश हुने सम्पत्ति विवरण" मध्ये कुन हो, कुनै एक भर्ने।

<u>द्रस्टव्य</u> :- तालिम/अध्ययन विदामा रहेका, निलम्वनमा परेका र आ.ब.२०७९/८० मा अवकाश भएका वा हुने पदाधिकारी र कर्मचारीहरूको समेत अनिवार्यरूपमा सम्पत्ति विवरण भरी भराई केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्टी गर्नु हुन अनुरोध छ ।

(राजेन्द्रप्रसाद आचार्य)
उपसचिव

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेवपेज : www.nvc.gov.np
वेवपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

## आ.व.२०७९/८० को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत जानकारी दिने सम्वन्धी अत्यन्त जरूरी सूचना (निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, नेपाल वाहेकका पदाधिकारी/कर्मचारीहरू)

(प्रकाशन मिति : मिति २०८०/०४/०१ गते)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूले आ.व.२०७९/८० को सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, आषाढ २० गते २०७५ साल (अतिरिक्ताङ्क ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ :-

क) सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूले आ.व.२०७९/८० को सम्पत्ति विवरण मिति २०८०/०४/०१ गतेदेखि मिति २०८०/०५/२८ गतेभित्र तोकिएको निकायमा प्राप्त हुनेगरी बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कानुन बमोजिमको विशेष परिस्थितिको अवस्था वाहेक उक्त मितिभन्दा पछि प्राप्त सम्पत्ति विवरणलाई नबुझाएको सरह मानी अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ।

ख) आ.व.२०७९/८० मा नयाँ मनोनयन/नियुक्ति भई सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूले उक्त पद धारण गरेको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्दछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **सुरू नियुक्ति सम्पत्ति विवरण भन्ने** कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

ग) आ.व.२०७८/०७९ को सम्पत्ति विवरण नबुझाई सम्मानित अख्तियार दुरूपोग अनुसन्धान आयोगबाट पत्र लेखी आएका पदाधिकारी/कर्मचारीले ५ हजार जरिमाना तिरी तोकिएको निकायमा उक्त आ.व.को समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयको **५ हजार जरिमाना तिरी सम्पत्ति विवरण भन्ने** कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

घ) सार्वजनिक पद धारण गरेका संघीय एवं प्रदेश तहका पदाधिकारी तथा कर्मचारीहरूले सम्पत्ति विवरण बुझाए नबुझाएको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले मिति २०८०/०७/२८ गतेभित्र अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ।

राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेबपेज : **www.nvc.gov.np**
वेबपेज (सम्पति विवरण) : bibaran.nvc.gov.np

**आ.व.२०७९/८० को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत् जानकारी दिने सम्वन्धी अत्यन्त जरूरी सूचना**
**(निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, नेपाल वाहेकका पदाधिकारी/कर्मचारीहरू)**

**ङ)** जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिकामा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सो को विवरण केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा इन्ट्री गर्ने र सम्पत्ति विवरणका बन्दी खामहरू मिति २०८०/०६/२७ गतेभित्र अनिवार्य रुपमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनु पर्नेछ। त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण र व्यवस्थापन गर्नुपर्नेछ। साथै, उक्त विवरण सम्बन्धी जानकारी सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०८०/०७/२८ गतेभित्र राष्ट्रिय सतर्कता केन्द्रलाई छिटो साधनद्वारा जानकारी गराउनु पर्नेछ।

**च)** माथि बुँदा नं. (क), (ख), (ग) र (घ) को प्रयोजनार्थ केन्द्रले अनलाइन सफ्टवेयरलाई थप अद्यावधिक गरी सञ्चालन गरेको छ। केन्द्रको वेवसाइट www.nvc.gov.np मा गई सम्पत्ति विवरण अनलाइन दर्तामा क्लीक गर्ने, त्यसपछि कुन तहको कार्यालय हो, त्यसमा पुनः क्लीक गर्ने; अघिल्लो आ.व.कै युजर नेम तथा पासवर्ड प्रयोग गरी आफ्नो कार्यालयको पेज खोल्ने र जुन प्रकारको सम्पत्ति विवरण हो, त्यसको सवआइकनमा क्लीक गरी सम्पत्ति विवरण अनलाइन प्रविष्टिका लागि सामान्य मार्गदर्शन बमोजिम गर्न गराउन हुन अनुरोध छ।

**छ)** सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा तोकिएको समय सिमाभित्र पुगिसक्ने गरी पठाउने र सम्पत्ति विवरण बुझाउने एवं नबुझाउने पदाधिकारी तथा कर्मचारीहरूको विवरण समयमा नै उपलव्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ।

माथि उल्लिखित राजपत्र एवं अन्य सम्बन्धित सूचना केन्द्रको वेवसाइट **www.nvc.gov.np** मा राखिएको छ। सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।